**राष्ट्रिय वाणिज्य बैंक लि.**

**केन्द्रीय कार्यालय**

प्रमुख कार्यकारी अधिकृतको कार्यालय

सिंहदरवार प्लाजा, काठमाडौं

मिति : २०८०।०४।२२

## प्रेस विज्ञप्ति

# राष्ट्रिय वाणिज्य बैंक मार्फत विदेशबाट अब निशुल्क मनी ट्रान्सफर गर्न सकिने, अब बैंक जानु पर्दैन, केही मिनेटमै डिपोजिट, उत्कृष्ट विनिमय दर प्रदान

उत्कृष्ठ बैंकिङ्ग सेवा प्रवाह गर्दै आइरहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्ना ४० लाख भन्दा बढी ग्राहकलाई डिजिटल बैंकिङ्ग मार्फत नयाँ नयाँ सुविधाहरु दिदै आइरहेको छ । बैंकले आफ्नो वेवसाइट, मोवाईल बैंकिङ्ग ( डिजिटल संसार) तथा ईन्टरनेट बैंकिङ्गको पोर्टलमा रहेको **RBB Request Remit** बाट सजिलै अमेरिका, अष्ट्रेलिया, युरोप, गल्फ लगायत विश्वको जुनसुकै देशमा बस्ने व्यक्तिले एक क्लिकमा नेपालमा रेमिट्यान्स पठाउन सकिने **RBB Request Remit** सुविधा सञ्चालनमा ल्याएको छ ।

यो सुविधा अन्तर्गत विश्वको जुनसुकै देशमा रहेका व्यक्तिले आफ्नो क्रेडिट कार्ड, डेबिट कार्ड, बैंक डिपोजिट, अनलाइन बैंकिङ्ग र ट्रान्सफर प्रयोग गरी बैंकको **RBB Request Remit** पोर्टलको Send Remit मार्फत रकम पठाउन सक्नेछन् । साथै, नेपालमा बस्ने व्यक्तिले पनि विदेशमा बस्ने आफन्तलाई रकमका लागि यो पोर्टल मार्फत अनुरोध गर्न सक्नेछन् । यसरी रकम पठाउँदा ग्राहकलाई कुनै पनि शुल्क लाग्ने छैन भने रेमिट्यान्स पठाएको केही मिनेटमै नेपालमा रहेको कुनै पनि बैंक खातामा (ग्राहकले भरेको) रकम डिपोजिट हुनेछ । ग्राहकले विनिमय सटही दर पनि हेर्न सक्नेछन् ।

राष्ट्रिय वाणिज्य बैंक र ललित मनि ट्रान्सफरको सहकार्यमा यस्तो सुविधाको व्यबस्था भएको हो । यस कार्यकालागि ललित मनि ट्रान्सफरको विदेशी साझेदारी अनलिमिटेड रेमिटसँग रहेको छ । ग्राहकहरुले सुरक्षीत रुपमा बैंकको वेवसाइट (www.rbb.com.np), मोवाईल बैंकिङ्ग (डिजिटल संसार), तथा ईन्टरनेट बैंकिङ्गको पोर्टल https://smartbanking.rbb.com.np/#/ login वा सोझै https://www.rbb.com.np/content/rbb-request-remit माध्यमबाट बिना झन्झट एकै क्लिक गरी घरमै बसेर पठाउने र पाउने दुवैले रेमिटान्स सुविधाको उपयोग गर्न सक्नेछन् । न त बैंक नै जानुपर्ने न त अन्यत्रै धाउनुपर्ने । आफ्नो भनेको आफ्नै हुन्छ । माया गर्ने आफ्नैले त हो नी । तपाईंको आफ्नै बैंक राष्ट्रिय वाणिज्य बैंक ।

बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकाममा सहित २८२ वटा शाखा कार्यालय, ६५ वटा एक्सटेन्सन काउन्टर, २६९ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग, QR Code सेवा, POS (Point of Sale) सेवा, Credit Card, Debit Card, Connect IPS, Smart QR Teller (बिना चेक रकम झिक्न सकिने), ईन्टरनेट बैंकिङ, परिष्कृत रुपको मोवाईल बैंकिङ्ग तथा बिना ईन्टरनेट चल्ने USSD मोवाईल बैंकिङ्गका सेवाहरु समेत सञ्चालनमा रहेका छन ।


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
RBB
Request Remit
अब,
विदेशमा रहेका
आफन्तसँग
Remittances
Request
गर्नुहोस् !
आफ्नै खातामा तुरुन्तै
प्राप्त गर्न सकिन्छ ।
जति चाहियो तेति पाइयो।
Call Center : +977-1-5970018
Email: rbb.info@rbb.com.np


RBB
Request Remit
प्रयोग गर्ने तरीकाहरू:
RBB Digital Sansar App प्रयोग गर्दा
App भित्र रहेको More option मा थिच्नुहोस् ।
RBB Request Remit मा त्यहाँ भएको सम्पूर्ण विवरणहरु
भरेर आफ्नो Remit Request गर्न सकिन्छ ।
Internet Banking प्रयोग गर्दा
Internet Banking Login गरे पछि सबै भन्दा माथि
RBB Request Remit मा थिच्नुहोस्। त्यहाँ भएको
सम्पूर्ण विवरणहरु भरेर आफ्नो Remit Request गर्न
सकिन्छ ।
Website प्रयोग गर्दा
RBB को website: www.rbb.com.np खोलेर सबै भन्दा
माथि बायाँ तर्फ रहेको Remittance menu भित्र जानुहोस् ।
RBB Request Remit मा थिच्नुहोस् । त्यहाँ भएको
सम्पूर्ण विवरणहरु भरेर आफ्नो Remit Request गर्न
सकिन्छ ।

Today's Exchange Rate मा देखिएका सम्पूर्ण विवरणहरु भर्नुहोस् ।

Request Remit मा थिच्नुहोस् । त्यसपछि विदेशमा रहेको आफ्नो सम्बन्धित व्यक्तिको मोबाईलमा तपाईले भरेको सम्पूर्ण विवरणहरुको Notification जान्छ ।

सोही Notification को आधारमा विदेशमा रहेको आफ्नो सम्बन्धित व्यक्तिले पठाएको पैसा तपाईको आफ्नो खातामा जम्मा हुन्छ ।




**सजिलै, सुरक्षित र तुरुन्तै**

आफ्नो भनेको आफ्नै हुन्छ